# ११ औँ गाउँसभाको बैठकमा
# अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यू द्वारा प्रस्तुत
# आ.व. २०७९।०८० को
# नीति तथा कार्यक्रम

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा, गण्डकी प्रदेश
२०७९ साल असार १०

# वार्षिक नीति तथा कार्यक्रम

**विरुवा गाउँपालिकाको एघारौ गाउँसभामामितिः २०७९/३/१० गते गाउँपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूले प्रस्तुत गर्नु भएको आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम**

**सभाका उपाध्यक्षज्यू,**

**सदस्यज्यूहरु,**

१. संघियता पछि विरुवा गाउँपालिकाको दोस्रो निर्वाचन निष्पक्ष,स्वतन्त्र,शान्तिपूर्ण, स्वच्छ र भयरहित बातवरणमा सम्पन्न भएको छ । सोको लागि संघिय सरकारलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहान्छु । संघियता पछिको दोस्रो स्थानिय निर्वाचनमा अमुल्य मत प्रदान गरि विजय गराउनुहुने सम्पूर्ण जनसमुदाय, निर्वाचन निष्पक्ष,स्वतन्त्र,शान्तिपूर्ण, स्वच्छ र भयरहित बनाउन अहोरात्र खट्नुहुने निर्वाचन आयोग, राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मि,पत्रकार, तथा यस प्रक्रियामा संलग्न सबै राजनितिक दलहरु र विरुवाबासि सबै जनसमुदायमा हार्दिक आभार व्यक्त गर्दछु ।

यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको ऐतिहासिक जनआन्दोलन शसस्त्र संघर्ष एवं सामाजिक परिवर्तनका क्रममा साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति यस घडीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै बेपत्ता र घाईते नागरिक प्रति सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएको लोकतान्त्रीक आन्दोलनमा नेतृत्वदायी योगदान पु-याउनु भएका नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक नेता स्व. क.पुष्पलाल श्रेष्ठ, जननेता स्व.मदन भण्डारी, लोकप्रिय प्रधानमन्त्री मनमोहन अधिकारी, जननायक स्व. वि.पि. कोईराला, स्व.गणेशमान सिंह तथा संघियता प्राप्तका लागि बिभिन्न आन्दोलनमा बिरुवा गाउपालिकाबाट साहदत प्राप्त गर्ने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

२. दुई वर्ष सम्म विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस COVID -19 को महामारी विभिन्न सरकारहरुको समन्यव र सहकार्यमा चालिएका कदमहरुको परिणामस्वरुप यसको असर कम हुदै गईरहेको छ । यस अवस्थामा कोरोना भाईरसको कारण ज्यान गुमाउने नागरिकहरु प्रति श्रद्धासुमन व्यक्त गर्दछु । विरुवा गाउँपालिकामा कोभिड नियन्त्रणको अभियानमा सक्रिय भुमिका निर्वाह गर्ने स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

३. संविधानको भावना अनुरुप संघीयतालाई कार्यान्वयन गर्ने उदेश्यका साथ सामाजिक न्याय सहितको परिष्कृत समाज, दिगो शान्ती, विकास, सुशासन र समृद्ध विरुवा गाउँपालिका निर्माण गर्ने अभिभारा सहितको जिम्मेवारी पुरा गर्न विगतका गाउँ सभाद्वारा पारित नीति

तथा कार्यक्रमलाई कार्यान्वयन गर्दै आज म आगामी आ.ब. २०७९/८० को लागि यो गरिमामय सभाको एघारौ गाउँसभामा नीति तथा कार्यक्रम प्रस्ताव गर्दछु ।

४. स्थानीय सरकारको न्युन आन्तरिक स्रोत, कमजोर भौतिक संरचना, कर्मचारीको अभाव केन्द्रीय ऐन, नियमको अष्पस्टताको बाबजुद पनि जनभावना, जन आकांक्षा र स्रोत परिचालन गरेर प्रशासनिक सुसासन, नागरिकका अपेक्षा र समृद्धिको चाहाना पुरा गर्न दृढ संकल्पित छौ । संवैधानिक व्यवस्था अनुसार गाउँसभा र स्थानीय सरकारको गठन भै संचालनमा आएको पाँच वर्ष पुरा भै सकेको छ । यो शासकीय प्रणालीको सवलीकरणको माध्यामबाट संविधानको पूर्ण कार्यान्वयन गर्दै समाजबाद तर्फको यात्रामा अगाडी बढ्न प्रतिबद्ध छौ ।

नेपालको संविधानले अंगीकार गरेको तीन तहको संघीय संरचनालाई कार्यान्वयन गर्ने अभिभारा स्थानीय तह र स्थानीय सरकारको समक्ष रहेको छ । राजनितिक दल, नीजि क्षेत्र, राष्ट्र सेवक कर्मचारी,शिक्षक,सुरक्षा निकाय, नागरिक समाज, पत्रकारजगत लगायत सबैले आ-आफ्नो क्षेत्रबाट संविधान कार्यान्वयनमा सहयोग गर्न अपिल गर्दछु ।

**सभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरु,**

**योजनाबद्ध विकास**

१. आयोजनाको आवश्यकता, महत्व र त्यसबाट प्राप्त हुने उपलब्धिको आधारमा योजनाहरुको प्राथामिकता निर्धारण गरि सोको आधारमा बजेट व्यववस्था र कार्यान्वयनको नीति लिईनेछ । आवधिक योजना तथा विषय क्षेत्रगत योजना निर्माण गरि योजनाबद्ध, मापनयोग्य, सूचकमा आधारीत विकासको नीति लिईनेछ ।

**सभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरु,**

**आर्थिक विकास**

**कृषि तथा पशुपालन**

१. ग्रामिण क्षेत्रको विकासको मेरुदण्ड कृषि नै रहेको हुँदा कृषि उत्पादन वृद्धि गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । वीउ उत्पादन क्षेत्रघोषण गरी वीउ उत्पादन कार्य शुरु गरिनेछ । जसका लागि प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य गरिनेछ । गाउँपालिका भित्रका वडाहरुको भौगोलिक अवस्था, उर्वर भुमिको अवस्था र सिंचाईको अवस्थालाई समेत ध्यानमा राखी वडा नं. १ र ६ तरकारी पकेट, वडा नं. २ र ३ बंगुर पकेट, वडा नं. ४ र ५ मौरी पकेट, वडा नं. ७ र ८ सुन्तलाब्लक क्षेत्रको रुपमा विस्तार गर्ने कार्य यस आ.व मा सम्पन्न हुनेछ । आगामि आ. व. मा विभिन्न क्षेत्रमा नमुना माटो परिक्षणगरी सोही आधारमा विभिन्न वालिहरुको पकेट क्षेत्र घोषणा गरिपकेट क्षेत्रहरु विस्तार गर्ने नीति लिइने छ ।

२. आगामी आ.ब. बाट कृषि तथा पशु व्यवसायको अनिवार्य बिमाको व्यवस्था मिलाइनेछ जसका लागि कृषक र गाउँपालिका बिच ५०/५० प्रतिशत साझेदारीमा आधारित कार्यक्रम संचालनमा ल्याईने छ ।
३. कृषकका उत्पादनलाई बजारीकरणमा सहयोग पुयाउने हेतुले विरुवा- १ विरुवा बजारमा कृषि उपज संकलन केन्द्र संचालन गरिनेछ ।कृषकले उत्पादन गरेका कृषि उपजलाई बजारको सुनिश्चितता गर्न पहिला चरणमा बिरुवा बजारमा गाउँपालिका स्तरिय हाट बजार सचालनमा ल्याइने छ तथा क्रमिक रुपमा अन्य बजारउन्मुख वडाहरुमा समेत हाटबजार सचालन गर्ने नीति लिईनेछ ।साना किसानहरुको आयस्तर लाई माथि उकास्नको लागि साना व्यावसायिक किसान पहिचान गरि कृषक अनुदान कार्यक्रम अगाडी बढाउने नीति लिईनछ । उत्पादन र उत्पादकत्त्व बढाऊनको लागि बिरुवा गा.पा. भित्रका कृषकहरुलाई यान्त्रीकरणको प्रयोग, न्यूनतम मूल्यमा बिउ तथा मल वितरण जस्ता कार्यकमलाइ अगाडी बढाई आगामी वर्षहरुमा पनि थप गर्दै लैजाने नीति लिईनेछ।

४. सुन्तला, विभिन्न जातका फलफुल, कफि, अदुवा, वेसार, कागती सुपरजोनको कार्यक्रम लागु गर्ने नीति अवलम्वन गरिनेछ ।दुध, तरकारी मासु जस्ता पदार्थमा विरुवा गाउँपालिकालाई आत्मनिर्भर बनाई आयात निरुत्साहन र निर्यात पर्वद्धन गर्ने नीति लिईनेछ । त्यस्ता उत्पादनमा आवश्यक अनुदानको व्यवस्था गर्ने नीति लिदै निजि क्षेत्र, सहकारी र पालिकाको संयुक्त साझेदारीमा कृषि उपज संकलन केन्द्र संचालन गर्ने र कृषि एम्बुलेन्स सेवा मार्फत बजार सुनिश्चितता गर्ने नीति लिईनेछ ।
५. एक वडा एक कृषि तथा पशु प्राविधिकको नीति लिईने छ।पशुपालनमा आधुनिकिकरणको लागि कृत्रिम गर्भाधानको व्यवस्था मिलाइनेछ। प्रयोगबिहिन रुपमा रहेका माछा पोखरीको संरक्षण तथा बिस्तारका लागी कार्यक्रम संचालन गरि आगामी बर्षहरुमा पनि थप गर्दै लगिने ब्यबस्था मिलाईनेछ ।पशु उपचारलाई सहज र सरल रुपमा संचालन गर्नको लागी यसै आ.ब देखी संचालन हुने गरी १ ट्रेबिज निर्माण कार्यलाई अगाडी बढाई आगामी बर्ष देखी प्रत्येक वडामा १ ट्रेबिज निर्माण गर्ने कार्य के शुरुवाद गरिनेछ।

**सहकारीः**

१. सामूहिक भावना बोकेका विरुवा गाउँपालिका स्थित सहकारी संस्थाको कर्पोरेट गभर्नेन्स अनुसार अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ । कर्पोरेट कल्चर को विकास गर्दै सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्धन जस्ता सहकारी सम्बन्धी आवश्यक तालिम संचालन गरिनेछ ।
२. गाउँपालिका भित्रका सहकारीको प्रतिवेदन प्रणालिलाइ सवलिकरण गर्दै मासिक रुपमा विवरण बुझाउनुपर्ने व्यवस्था गरिनेछ । स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट संचालन गर्न र नियमन गर्न नेपाल सरकारबाट विकास भएको COPOMIS मा सम्पूर्ण

सहकारीहरुलाई सामेल गराउन आवश्यक पहल गरि सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क अद्यावधिक गरिनेछ ।

३. वित्तिय संस्थाहरुको तथ्याङ्क अद्यावधिक गर्दै समाजिक उत्तरदायित्व प्रति जिम्मेवार बनाइनेछ साथै कृषि,पशुपालन,रोजगारी निर्माण तथा अन्य तुलनात्मक लाभका क्षेत्रमा गाउँपालिका, सहकारी र निजि क्षेत्रको साझा प्रयास र सहकार्यमा सो सम्बन्धि कार्यक्रमहरु सचालन गर्ने नीति लिइएको छ । श्रम, साधन, सीप र पूँजीको अधिकतम परिचालन गर्न वित्तिय संस्थाहरुसँग सहकार्य गरिनेछ । सहकारी संस्थाहरुलाई एकिकरणको लागि प्रोत्साहित गर्न र सहजीकरण गर्न कर मिनाह गरिनेछ ।

४. विरुवा गाउँपालिका भित्र संचालित सहकारीहरु मध्ये धेरैजसो संस्थाहरु वार्षिकरुपमा नविकरण नगरिएको, मासिक प्रतिवेन नबुझाएको अवस्था रहेकोमा आ.व. २०७७।०७८ सहित यस अघिका आर्थिक वर्षहरुको नविकरण शुल्कमा लाग्ने हर्जना मिनाह दिइ सबै संस्थाहरुलाई मुलधारमा ल्याइनेछ ।

**गरिवि निवारण तथा रोजगारी**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक घर एक रोजगार कार्यक्रमलाई निरन्तरता दिदै आ.ब. २०७९/८० मारोजगारी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको लागि पालिकाबाट साझेदारी गर्ने नीति लिईनेछ ।

२. गरिबीको रेखामुनी रहेको जनताहरुको पहिचान गरी यसै वर्ष भित्र परिचयपत्र वितरण गरिनेछ । सोको आधारमा सेवा सुविधा र सहुलियत प्रदान गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ । कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था साथै सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउनको लागि आवश्यक कानुनको व्यवस्था गरिनेछ ।

३. फुसको(खर) छाना भएका घर परिवारको लगत संकलन गरी प्राथामिकताको आधारमा फुसको छानालाई विस्थापित गर्ने नीति लिईएको छ । **घरबासै नभएका परिवारहरु पहिचान गरी आवास निर्माण गर्ने** कार्यक्रमको नीति लिईनेछ ।सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत थप १५५ घरधुरीको फुसको छाना विस्थापनको लागि सम्झौता गरिएको र आगामी आ.ब.मा पनि यस कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. स्थानीय उद्योगी, व्यापारी र निर्माण व्यवसायीहरुको समन्वयमा स्वरोजगार कार्यक्रममा जोड दिदै युवा जनशक्तिलाई स्थानीय क्षेत्रमा नै काम गर्ने वातावरण सृजना गर्ने नीति लिईएको छ । परम्परागत रुपमा संचालन गर्दै आईरहेको घरेलु उद्योगहरुलाई व्यवसायीक रुपमा संचालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ । बैदेशिक रोजगार छोडी गाउँफर्केका युवाहरुलाई बैकल्पिक रोजगारको व्यवस्था गर्न लागत साझेदारीको कार्यक्रम

संचालन गरिनेछ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उनीहरुको ज्ञान, सिप र दक्षता अनुसार रोजगार दिने प्रयत्न गरिनेछ ।

५. परम्परागत रुपमा अबलम्बन गर्दै आएका पुख्यौंली पेशालाई घरेलु उधोगको रुपमा बिकास गर्ने नीति लिईनेछ।

**राजश्व**

१. विरुवा गाउँपालिकालाई आत्म निर्भर बनाउनु तपाईं हामि सबैको कर्तब्य हो । कानुनको अधिनमा रही एकीकृत सम्पत्ति कर, दहत्तर बहत्तरकर,घरबहाल कर, व्यवसाय कर, नक्सा पास, सवारी साधन कर, निर्माण सामाग्री कर,मनोरञ्जन कर, विज्ञापन कर आदि करहरूलाई कार्यान्वयनमा ल्याईनेछ साथैव्यवस्थित गर्दै सफ्टवयरमा जोडिनेछ ।बिरुवा गाउँपालिकामा निर्माण गरीने सबै प्रकारका घर निर्माणमा नक्शा पासलाई अनिवार्य गरिनेछ । यस मार्फत गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि हुने अपेक्षा लिइएको छ ।

**पर्यटन**

१. पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार वन्दै आएको सन्दर्भलाई मध्यनजर राख्दै विरुवा गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक सौन्दर्ययुक्तस्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यटकीय स्थलका रुपमा विकास गर्दे लगिनेछ । ऐतिहासिक मनकामना मन्दिर संरक्षण तथा पुर्वाधार निर्माणको कार्य सन्तोषजनक रुपमा अगाडी बढेको छ । नारायणेश्वर शिवमन्दिर, बालादेवी मन्दीर, क्यूथान डाँडा भ्यूटावर, राङभाङ, गजेपोखरी, लेवा, कालिछाँया, मिनाहाम गुफा, घण्टेलेक क्षेत्र, दहपोखरीलाई धार्मिक एवं विशेष पर्यटकीय क्षेत्रको रुपमा अगाडी बढाईनेछ ।

२. पर्यटन विकास तथा प्रवर्द्धन गर्न उपयूक्त ठाउँहरुमा होमस्टे स्थापना गर्ने र संचालनमा रहेका होमस्टे पर्वद्धनको नीति लिईनेछ ।

**औधोगिक विकास**

१. औधोगिक ग्राम स्थापनाका निम्ति उपयूक्त जग्गाको खोजि गरी औधोगिक लगानीको बातावरण सृजना गर्ने नीति लिईनेछ ।

**सभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरु,**

## सामाजिक विकास

### शिक्षा

१. गाउँपालिका भित्रका १० वटा आधारभूत बिद्यालयलाइ  यसै बर्ष नमुना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ । अन्य बिद्यालयमा  पनि नमुना बालविकास केन्द्र क्रमस विकास गर्दै लैजाने निति लिइनेछ ।

२. **"हाम्रो बिद्यालय राम्रो बिद्यालय, हाम्रो शिक्षक राम्रो शिक्षक, हाम्रो बिद्यार्थी राम्रो बिद्यार्थी"** भन्ने नारालाई आत्मसाथ गरिनेछ । उत्कृष्ट बिद्यालय, शिक्षक तथा बिद्यार्थीलाई उत्कृष्ट नतिजाको लागि उत्प्रेरित गर्न सम्मान गर्ने नीति लिईनेछ ।साथै बिधार्थीहरुलाई प्रोत्साहन गर्नका लागि अध्यक्षसंग बिधार्थी कार्यक्रम संचालन गरिनेछ।

३. शैक्षिक सत्र २०७९ लाई **शैक्षिक गुणस्तर सुधार बर्षको** रुपमा घोषणा गरि सबै बिद्यालयमा नियमित रुपमा अनुगमन, निरिक्षण तथा सुपरिवेक्षणको नीति लिईनेछ ।

४. संघिय सरकारबाट सञ्चालनमा रहेको दिवाखाजा कार्यक्रमलाई गुणस्तरिय र प्रभावकारि बनाईने छ । सबै बिद्यार्थीहरुको मासिक रुपमा तौल लिने तथा त्रैमासिक रुपमा स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईनेछ ।

५. **"हामि बनाउछौं हाम्रो बिद्यालय राम्रो बिद्यालय"** अभियान सञ्चालन गरि सबै गाउँबासिलाइ सामुदायिक बिद्यालयको विकासको लागि जवाफदेहि,जिम्मेवार र उत्प्रेरित गर्ने निति अबलम्बन गरिनेछ ।

६. बिद्यार्थी संख्या न्युन रहेका सामुदायिक बिद्यालयहरुलाइ गाभ्ने तथा आवश्यकता अनुसार दरवन्दी मिलान गर्ने नीति लिईनेछ ।शिक्षामा गुणस्तर कायम गर्न प्रबिधिमैत्री बिद्यालय, शिक्षक र बिद्यार्थीको अवधारणालाइ प्राथमिकता दिइनेछ । शिक्षक तथा कर्मचारिहरुको लागि क्षमता विकास तथा पूनर्ताजगि तालिम सञ्चालन गर्ने नीति लिईनेछ ।बिरुवा गाउँपालिकाको पञ्चबर्षिय शिक्षा योजना यसै बर्ष निर्माण गरिनेछ ।

७. सबै बिद्यालयहरुमा बाल उधान, फूलबारि, करेसाबारी तथा हरियाली कार्यक्रम  सञ्चालन गरि बिद्यालयहरुलाइ हराभरा ,मनोरम र आकर्षक बनाउनउत्प्रेरित गर्ने  निति लिइनेछ ।

८. प्राबिधिक तथा ब्यबसायिक शिक्षालाई गुणस्तरिय र प्रतिस्प्रधी बनाउदै संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालन गरिने पढ्दै कमाउदै तथा सिक्दै कमाउदै जस्ता कार्यक्रमलाई प्रभावकारि बनाउन थप प्रोत्साहन प्रदान गर्ने निति लिइनेछ।साथै स्थानिय स्तरमा प्राविधिक शिक्षा अध्ययनरत बिधार्थीहरुलाई छात्रवृतिको ब्यावश्था गरिनेछ। बिद्यार्थीहरुको सवाईगिण विकासको लागि नियमित रुपमा बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । बिद्यालयस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको दायरा बढाइनेछ । पालिका भित्रका बिद्यालयहरु बिच शैक्षिक गुणस्तर सुधारको लागि स्वच्छ प्रतिष्पर्धा गर्ने वातावारण सृजना गर्ने नीति लिईनेछ ।

९. बिरुवा सामुदायिक  सिकाइ केन्द्रलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ । यस केन्द्रको क्षमता विकास गरि  निरन्तर शिक्षा ससञ्चालन  तथा सचेतना फैलाउने काममा परिचालन गर्ने नीति लिईनेछ। स्थानिय कला,भाषा, संस्कृति, साहित्य आदिको संरक्षण गर्नस्थानीय प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ।

**स्वास्थ्य**

१. पालिका भित्रका सबै स्वास्थ्य चौकिहरुमा प्रयोगशाला स्थापना गरि ल्याब असिष्टेन्टको ब्यवस्था गर्ने नीति लिईनेछ ।स्वास्थ्य संस्थाहरुको ब्यवस्थापनलाई मजबुत बनाउदै सेवा प्रबाहलाइ थप प्रभावकारी बनाउने नीति लिईनेछ ।स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाइ सेवा प्रबाहलाइ थप प्रभावकारी बनाउन करारमा कार्यरत कर्मचारीहरुको लागी महङ्गी भत्ता तथा पोशाक भत्ताको प्रबन्ध गरिनेछ ।
२. सुनौला हजार दिन कार्यक्रमलाइ थप प्रभावकारि बनाइनेछ । यस अन्तर्गत **हेल्दी बेवी कम्पिटिसन कार्यक्रम** सञ्चालन गर्ने नीति लिईनेछ ।
३. बिद्यालयहरुसंगको सहकार्यमा बिद्यालयका शिक्षकहरुलाइ प्राथमिक उपचार सम्बन्धि तालिम तथा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । सबै बिद्यालयहरुमा प्राथमिक उपचारका लागि आवश्यक औषधी तथा सामाग्रीको ब्यवस्था गर्ने नीति लिईनेछ ।
४. नागरिक आरोग्य केन्द्रको उचित ब्यवस्थापन गरिनेछ ।यस केन्द्र मार्फत समुदाय तथा बिद्यालय तहमा योग शिबिर सञ्चालन गर्ने नीति लिईनेछ ।सरुवा तथा नसर्ने रोग सम्बन्धि शिबिर तथा  सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
५. आगामी तिन बर्षभित्रमा बिरुवा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने निति लिइनेछ । यस बर्ष कम्तिमा तिन वटा वडालाई पूर्ण सरसफाईयुक्त वडाको रुपमा घोषणा गर्ने नीति लिईनेछ ।पाँच बर्ष माथीका सबै नागरिकहरुलाइ कोभिड -१९ बिरुद्धको खोप प्रदान गरी पूर्ण खोप सुनिश्चिताको घोषणा गरिनेछ ।
६. जन्मे देखि पाँच बर्ष मुनिका बालबालिकाहरुलाई दिइने सबै प्रकारका खोपहरु दिइ पूर्ण खोप सुनिश्चिचता घोषणा गर्ने नीति लिईनेछ ।

**युवा तथा खेलकुद**

१. दलित,आदिबासी जनजाति, गरिब तथा आर्थिक र सामाजिक रुपले पछाडि परेका युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्न **एक टोल एक सरकारी जागिर कार्यक्रम** संचालन गर्न लोकसेवा तथा शिक्षक सेवाका तयारी कक्षाहरु सञ्चालन गर्ने नीति लिईनेछ ।संघ तथा प्रदेश सरकार संगको समन्वयमा बेरोजगार युवाहरुलाइ सिपमुलक तालिम प्रदान गरि स्वरोजगार बनाउने निति अबलम्बन गरिनेछ।

२. **बनाउ कृषि चलायमान हुदैनन् युवा पलायन** भन्ने नारालाई जोड दिदै ब्यवसायिक कृषि गर्ने युवा तथा युवा समुहलाई प्रोत्साहन गर्ने गरि कार्यक्रम सञ्चालन गर्ने नितिमा जोड दिईने छ ।।

३. युवाहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न बिशेष कार्यक्रम सञ्चालन गरिनेछ । **बिरुवाको शानयुवाको सम्मान** भन्ने नारालाई जोड दिदै साहित्य, कला,संस्कृति, संगित अभिनय तथा खेलकुद मार्फत बिरुवालाई चिनाउन योगदान पूर्याउने युवाहरुलाइ सम्मान गर्ने नीति अबलम्बन गरिने छ ।

४. २५ बर्ष भन्दा मुनिका युवाहरुको बैयक्तिक, सामाजिक तथा राजनैतिक नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले युवा संसदको अभ्यास थालनि गर्ने निति अख्तियार गरिनेछ ।

५. एक वडा एक खेलमैदान निर्माण गर्ने निति लीइ यसै बर्ष कम्तिमा दुई वटा वडामा खेलमैदान निर्माण गरिनेछ । निर्माणाधिन खेलमैदानहरुको स्तरोन्नतिको लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

६. गाउँस्तरीय खेलकुद विकास समितिलाई शसक्त बनाइनेछ । हरेक बर्ष हुदै आएको अध्यक्षकप प्रतियोगिताको दायरा बढाइ अन्य बिद्याहरु समेत समेट्ने ब्यवस्था मिलाइनेछ ।बिरुवा गाउँपालिकाको पहिचान बनेको भलिबल खेललाई थप प्रभावकारि बनाइनेछ अन्य सम्भावित खेलहरुको समेत पहिचान गरि विकासमा जोड दिइनेछ ।

**महिला**

१. महिला हिंसा,महिला शोषण तथा उत्पीडन नियन्त्रणको लागि बिशेष ब्यवस्था मिलाइनेछ ।महिला हिंसा बिरुद्दको १६ दिने अभियानलाइ प्रभावकारि रुपमा सञ्चालन गरिनेछ । महिला अधिकारको संरक्षण र प्रवर्द्दन तथा महिला शसक्तिकरणको लागि स्थानीय संघ संस्था आमा समुहहरु परिचालन गर्ने नीति लिईनेछ ।महिलाहरुलाइ आर्थीक उपार्जनसंग जोड्ने निति लिइनेछ । त्यसको लागि ब्यबसायिक तथा सिपमूलक तालिम प्रदान गरिनेछ ।

२. **महिलाको नेतृत्वमा घरेलु उधोग**को अवधारणा लिइ स्थानीय स्तरका कच्चा पदार्थबाट सञ्चालन गर्न सकिने घरेलु उधोगको स्थापना र सञ्चालनको लागि महिलाहरुलाइ प्रोत्साहन गरिनेछ । त्यस्ता घरेलु उधोगबाट बनेका सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक प्रबन्ध मिलाउने नीति लिईनेछ ।

**बालबालिका**

१. पालिका स्तरीय बालक्लब गठनको ब्यबस्था गरिनेछ । पालिका तथा समुदाय स्तरमा गठन गरिने बालबालिका सम्बन्धि कूनै पनि समिति वा समुहमा बालबालिकाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने ब्यवस्था मिलाउने निति लिईनेछ ।बालहिंसा, बालशोषण, बालबिबाह जस्ता बिकृतिको नियन्त्रण गर्न स्थानीय स्तरका संघ, संस्था तथा बिद्यालयहरुलाइ परिचालन गर्ने निति अबलम्बन गरिनेछ ।

२. पालिकास्तरबाट बन्ने हरेक संरचनाहरु बालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ । अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि त्यस्ता बालबालिकाहरुको लागि निशुल्क शिक्षाको ब्यवस्था गर्ने नीति लिईनेछ ।बाबुआमा तथा परिवारका अन्य सदस्य गुमाइ साहाराबिहिन भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि त्यस्ता बालबालिकाहरुको शिक्षा, स्वास्थ्य तथा दैनिक जिवननिर्वाहको लागि आवश्यक ब्यवस्था गर्ने नीति अख्तियार गरिनेछ ।

**अपाङ्ग**

१. अपाङ्गता भएका ब्यक्तिहरुको लागि उनिहरुको क्षमता अनुसारका सिपमुलक तालिमहरु प्रदान गरि आत्मनिर्भर बनाउने निति लिइनेछ ।

**जेष्ठ नागरिक**

१. जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाइ मध्यनजर गर्दै हरेक तिन तिन महिनामा घरमै गइ स्वास्थ्य परिक्षण गर्ने ब्यवस्था मिलाइनेछ ।समुदायस्तरमा रहेका जेष्ठनागरिक दिवा सेवा केन्द्र, सामुदायिक भवन तथा आमा समुहका भवनहरुलाइ जेष्ठ नागरिक मिलन केन्द्रको रुपमा विकास गरि ति केन्द्रहरुमा मनोरञ्जनको लागि संस्कृति अनुसारका मनोरञ्जनका साधनहरुको ब्यवस्था गरिनेछ ।
२. जेष्ठ नागरिकका ज्ञान सिप तथा अनुभवहरु नयाँ पुस्तामा पुस्तान्तरण गर्नको लागि त्रैमासिक रुपमा हरेक वडामा **जेष्ठ नागरिकसंग एक दिन** कार्यक्रम सञ्चालन गरिनेछ ।
३. परिवारका सदस्य बिहिन एकल जेष्ठ नागरिकको तथ्याङ्क संकलन गरिनेछ । त्यस्ता ब्यक्तिहरुको जिवनयापन सहज होस भन्ने उद्देश्यले नेपाल सरकारले दिदै आएको सामाजिक सुरक्षा भत्तामा पालिकाको तर्फबाट थप गर्ने ब्यवस्था गर्ने नीति लिईनेछ।

**सभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरु,**

<u>पूर्वाधार विकास</u>

**स्थानिय सडक, पुल तथा झोलुङ्गे पुल**

१. स्थानिय सडकहरुको आवश्यकता, महत्व र प्रयोग र त्यसले समेटने क्षेत्रको आधारमा गाउँपालिकाका रणनीतिक सडक छनौट गरि विशेष महत्वकासाथ अगाडि बढाउने नीति लिईने छ । गाउँपालिका रणनीतिक सडकमा कम्तिमा तत्काल पक्की नाला सहित ग्राबेल र दिर्घकालमा कालोपत्रे गर्ने नीति लिईने छ ।
२. संघीय सरकार र प्रदेश सरकार सँगको सहकार्यमा जिल्ला सदमुकाम जोड्ने प्रथम रणनीतिक सडकको रुपमा राङखोला- धोबादी- विरुवा सडकलाई ५ बर्ष भित्र कालोपत्रे सहित स्तरोन्नती गर्ने नीति लिईनेछ ।
३. ज्याग्दी करिडोरलाई विशेष रणनीतिक सडकको रुपमा विकास गर्ने नीति लिदै ५ वर्षभित्र कालोपत्रे सहित स्तरोन्नती गर्ने नीति लिईने छ ।

४. प्रथम रणनीतिक सडक, विशेष रणनीतिक सडक र रणनीतिक सडकमा पर्ने ठूला खोला र नदिमा मोटरेबल पूल निमार्णको नीति लिईनेछ । सो को लागि संघिय सरकार र प्रदेश सरकार सँग सहकार्य गर्ने ५ वर्ष  भित्र डि.पि.आर. सम्पन्न भएका विभिन्न पुलहरुको निर्माण गरि सक्ने नीति लिईनेछ ।

५. ३० मिनेट बढी समय यात्रा छोटीने स्थानमा झोलुङगे पुलको अबधारणा विकास गरि संघिय, प्रदेश सरकार र विभिन्न संघ सस्था संगको समन्वय, सहकार्य र साझेदारीमा निर्माण गर्ने नीति लिईनेछ ।

६. **जनताको योजना जनताकै साझेदारी** विरुवा गाउँपालिका वजार उन्मूख बस्तिहरु जस्तै विरुवा बजार चिन्नेबास, मेथाभुरुङ, कुसुमभञ्याङका भित्री सडक गाउँपालिकाको ५० प्रतिशत र सम्बन्धित उपभोक्ताको ५० प्रतिशत साझेदारीमा ढलान गर्ने नीति लिईने छ ।

**सिंचाई**

१. **कृषि भूमिमा पानी सिंचाईमा लगानी** भन्ने अवधारणा अनुरुप गाउँपालिका भित्रका खेतीयोग्य जमिनहरुमा सिचाईंको प्रबन्ध मिलाउने नीति लिईनेछ । चिन्नेबास, गैरी, विरुवा, सामाडाडा लगायतका फाँटहरुमा ५ वर्ष भित्र १२ महिना सिंचाई सूविधा पुर्याउने नीति लिईनेछ ।

२. खोला नदि बाट सिचाई सूविधा पुर्याउन कठिनाईहुने स्थानमा लिफ्टीङ सिंचाई योजना संचालन गर्ने नीति लिईनेछ ।

**भवन तथा सहरी विकास**

१. **दीगो र पर्यावरण मैत्री विकास, हरियाली युक्त बस्ती र सुरक्षित आवास भन्ने कार्यक्रम**लाई आत्मसाथ गर्दै गाउँपालिका सदरमुकाम लगायत सबै वडामा रहेका आवासयोग्य स्थानहरुमा एकीकृत वस्ती विकासको कार्यक्रमलाई अघि बढाउँदै साना शहरको रुपमा विकास गर्ने नीति लिईनेछ । यसरी वस्ती विकास गर्दै गर्दा जैविक विविधताको संरक्षण, जलवायु प्रणालीलाई सन्तुलित र प्राकृतिक स्रोतहरुको दीगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई परिचालित गरिनेछ ।

२. गाउँपालिका र वडा कार्यालयका अत्याधुनिक, सेवाग्राहि मैत्रि, अपाङ्ग मैत्री प्रशासनीक भवन निर्माण गर्ने नीति लिईने छ । यसै आ. व. मा ४ नं. वडा कार्यालय र आगामि आ.व. मा कार्यापालिकाको प्रशासनिक कार्य नव निर्मित भवन बाट सुरु गरिने छ । साथै आगामि आ.व. मा वडा कार्यालय नभएका र जिर्ण भएका वडाको अत्याधुनिक वडा कार्यालय भवन निर्माण गर्ने नीति लिदै कम्तिमा २ वटा वडा कार्यालयका अत्याधुनिक वडा कार्यालय भवन निर्माण गरिनेछ ।

३. खोला किनार, खोल्सी,पहाडको फेदी तथा सडकको मापदण्ड निर्धारण गरी भवन निर्माणको मापदण्ड तथा आचार संहिताको पुर्ण रुपमा कार्यान्वय गरिनेछ । भवन

मापदण्ड तथा आचार संहिताको उलङघन गरेमा गाउँपालिकाबाट प्रदान गरिने सेवामा रोक लगाउने निति लिईनेछ ।

४. **समूदायको माग, लगानी र साझेदारी** स्थानिय मागका आधारमा लाभावन्भित समुदायको कम्तिमा ५० प्रतिशत साझेदारी रहने गरि विपद व्यवस्थापन मा समेत सहयोग पुग्ने गरि सामुदायीक भवनहरु निर्माणको नीति लिईने र सो को लागि पूर्वाधार साझेदारी कार्यक्रम संचालन गरिने नीति लिईने छ ।

५. बिरुवा गाउँपालिका भित्र हुने सभा, गोष्ठी, सेमीनार, तालिम लगायत कार्यको लागि **बहुउपयोगी सुविधा सम्पन्न सभाहल**को व्यवस्था गरिनेछ।

**उर्जा**

१. सामुदायिक विद्युतिकरणलाई राष्ट्रिय विद्युत प्रशारणमा लाने नीति लिईनेछ । सो को लागि संघिय सरकार सँग विशेष पहल गरि ५ वर्ष भित्र गाउँपालिका भित्रका सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रशारण लाईनमा जोड्ने नीति लिईने छ ।

२. विभिन्न स्थानहरुमा सुरक्षित सडक र उन्नत वस्तिको विकास गर्न सडक बत्ती जडानको नीति लिईने छ । ५ वर्ष भित्र गाउँपालिका भित्रका कम्तीमा २५ प्रतिशत मुख्य सडकहरुमा सडक बत्तीको सुबिधा पुर्याउने नीति लिईने घ ।

३. गाउँपालिका भित्रका सामुदायिक विद्यालय वडा कार्यालय एवं अन्य सरकारी कार्यालयहरुमा वैकल्पिक एवं नविकरणीय उर्जा प्रणाली जडान गर्ने नीति लिईनेछ । घर घरमा  वायोग्यास र सुधारिएको चुलो जडान कार्यलाई प्राथामिकता दिईनेछ ।

**सञ्चार**

१. गाउँपालिका भित्रका सबै बस्तीहरुमा सूचना तथा संचार र प्रविधिको पहुँच पु-याउन आबश्यक प्रबन्ध मिलाउनु साथै सार्वजनिकनिजि साझेदारी मोडलमा सामुदायिक रेडियो संचालन गर्ने नीति लिईने छ ।

**<u>वातावरण तथा विपद् व्यवस्थापनः</u>**

१. महत्वपूर्ण वनस्पति, जडीबुटी र अन्य पैदावर विस्तारमा जोड दिइनेछ । गाउँपालिकामा एक जडिबुटी पार्क निर्माणको नीति लिईनेछ । वनलाई वातावरण एवम् जलवायु मैत्री पूर्वाधारको रुपमा अगाडी वढाउँदै वन संरक्षणको नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने, वगैंचा, वृक्षारोपण, हरियाली प्रवर्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ । न्यूनतम १ घर २ फलफुलका विरुवा रोप्ने अभियान लाई निरन्तरता दिईनेछ । साथै जडिबुटी संकलन तथा प्रशोधन गरी बजार व्यवस्थापन गर्ने नीति लिईनेछ ।

२. स्थानीय नदी, खोला, पोखरी, ताल तलैया, धार्मिक स्थल, खानेपानीको मुहान, खुला क्षेत्र, सडक, टोल वा अन्य सार्वजनिक क्षेत्रहरुमा सफाई सुनिश्चित गरिनेछ । जलउत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि आवश्यक कार्यहरू थालनी गरिनेछ ।
३. प्राकृतिक विपद् बाट हुने भौतिक तथा मानवीय क्षति न्यूनीकरण गर्न आवश्यक कार्यहरू गरिनेछ । साथै नदि नियन्त्रणका लागि तटबन्धन निर्माण गरिनेछ ।कोरोना भाईरस जस्तो महामारी भविष्यमा पनि आउन सक्ने हुँदा विपद व्यवस्थापन कोष खडा गरी प्रत्येक वर्ष जम्मा गर्ने प्रवन्ध मिलाईनेछ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

**क्षमता विकास सेवा प्रवाह र सुशासन**

१. प्रभाबकारी सेवा प्रबाह, पारदर्शिता, जबाफदेहीता तथा प्रशासनिक शुसासनको पूर्ण रुपमा अभ्यास गर्दै यस विरुवा गाउँपालिका र वडा कार्यालयबाट संचालन गरिने सार्वजनिक सेवा प्रबाहलाई प्रभाबकारी बनाईनेछ। गाउँपालिकाको क्षमता बिकास योजना बनाई सबै कर्मचारीहरुलाई सेवाकालिन तथा क्षमता बिकास तालिम उपलब्ध गराईनेछ। साथै बिषयगत रुपमा आवाश्यक तालिम, अभिमुखीकरण तथा अध्ययन भ्रमण जस्ता क्षमता बिकास कार्यक्रमका लागि बजेट बिनियोजन गरी प्रभाबकारी कार्यान्वयन गरिनेछ।
२. सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्बजनिक परिक्षण लगायतका सार्बजनिक उत्तरदायित्वका औजारहरु प्रयोग गरी जवाफदेही शासन प्रणालीको स्थापना गरिनेछ।सार्वजनिक सेवा प्रबाहको दिगो सुदृढीकरणका लागि संस्थागत स्वमूल्याङ्कन (LISA), लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण (GESI AUDIT) तथा वित्तिय जोखिम मूल्याङ्कन (FRA) कार्यलाई निरन्तरता दिदै सो क्रममा निर्माण गरिएका कार्ययोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ।
३. गाउँपालिका अन्तर्गत कार्यरत स्थायी, अस्थायी एवं करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको आर्थिक सुरक्षा एवं स्थायित्वका लागि कर्मचारी कल्याण कोषलाई निरन्तर बृद्धि गर्दै लगिनेछ।गाउँपालिकाको सेवा प्रबाह गुणस्तरलाई थप प्रभाबकारी बनाउन तथा सो बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिब लगायत अन्य सरोकारवालाको सहभागितामा चौमासिक समिक्षा बैठक संचालन गरिनेछ।
४. गाउँपालिकाको भौगोलिक अवश्थालाई मध्यनजर गर्दै पालिका तथा अन्य संघसंस्थासंगको समन्वयमा **नागरिकता, घटना दर्ता, बिभिन्न परिचयपत्र बितरण, योजना सम्झौता लगायतका बिभिन्न कार्यक्रम संचालनमा लागि वडागत रुपमा शिविर तथा एकीकृत घुम्ती** सेवा

संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सार्वजनिक सेवा पुर्याउने नीति लिईनेछ।

५. आम नागरिकको सुचनामा सहज पहुँच सिर्जना गर्न गाउँपालिकाका सम्पूर्ण सुचनाहरु वेभसाईटमा अद्यावधिक गरिनेछ। गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा नागरिक बडापत्रको प्रभाबकारी कार्यान्वयनमा जोड दिईनेछ।

६. अन्य स्थानीय निकायहरुले गरेको नमुना बिकासका मोडेलहरुको अध्ययन भ्रमण गरी सिकाई कार्यान्वयन गर्नका लागि अध्ययन भ्रमण तथा अनुसन्धानमूलक कार्य संचालनार्थ आवाश्यक बजेट ब्यवस्था गरिनेछ। कर्मचारीको काम गर्ने वातावरणमा उच्च मनोवल कायम गर्न उचित प्रोत्सहानको व्यवस्था गरिनेछ ।

७. सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन वडा कार्यालय स्तरबाटै प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ ।

८. गाउँपालिका लगायत अन्तर्गतका कार्यालयमा कर्मचारी दरबन्दी व्यावस्थापन गर्न यसै आर्थिक बर्षमा O & M Survey गरिनेछ।

९. गाउँपालिकाबाट हुने सवै प्रकृतिका भुक्तानीलाई आगामी आ.व. देखि फेसलेस र पेपरलेस बनाई विद्युतिय प्रणाली मार्फत भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

१०. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवं आम नागरिकको ज्ञानको दायरा विस्तार गर्न विरुवा गाउँपालिकाको प्रशासनिक भवनमा सुविधा सम्पन्न पालिका स्तरीय पुस्तकालयको स्थापना गरिनेछ ।

११. बिपद ब्यवस्थापन, उद्दार, शान्ती सुरक्षा र सेवा प्रबाहमा सहजीकरण गर्नको लागि गाउँ/ नगर प्रहरीको ब्यवस्था गरि परिचालन गर्ने नीति लिइनेछ ।

१२. सम्रग गाउँपालिकाको योजना निर्माण, बजेट तर्जुमा लगायतका पक्षहरुमा आवश्यक सल्लाह सुझाब लिने प्रयोजनको लागि बिज्ञसमुह गठन गरि परामर्श लिने नीति लिइनेछ ।

**सूचना तथा संचार प्रविधिः**

१. गाउँपालिकाको जनसाङख्यिक, प्राकृतिक, आर्थिक, समाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पात्ति, सामुदायिक भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क अभिलेख संकलन गरि **डिजिटल भिलेज प्रोफाइल** तयार गरिनेछ ।

२. सेवा प्रवाहलाई अझ चुस्त, दुरुस्त र पारदर्शी बनाउन ८ वटै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

३. मोबाइल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलिफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरि गुणस्तर विकास गरिनेछ । दूरसंचार प्रणालिलाई सबै वडामा सर्वसुलभ बनाउन पहल गरिनेछ । ICT प्रणालिलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशूचित गरिनेछ ।

४. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यामबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने सक्ने तथा सार्वजनिक गर्ने, वेवसाईट का साथै सोसल मिडियाहरु मार्फत सूचनाको व्यवस्था मिलाइनेछ । स्थानीय पत्रिका, एफएम रेडिय, केवल र टेलिभिजन मार्फत गाउँपालिकाका गतिविधिहरु आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ ।

५. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालिलाई अझ भरपर्दो, गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।

६. गाउँपालिकाले लिने विभिन्न दस्तुर तथा करहरु पेमेन्ट गेटवे मार्फत भुक्तानीको व्यवस्था मिलाइनेछ । कर्मचारीहरुको ई-हाजिरी व्यवस्थापन प्रणाली प्रयोग गरि मुल्याङ्कन गर्ने विधिलाइ अझ व्यवस्थित गरिनेछ ।

७. विरुवा गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाका कर्मचारीहिरुलाई सूचना तथा संचार प्रविधि सम्बन्धि नविनतम् ज्ञान र सिप विकासको लागि सो सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

८. डाटा सुरक्षा तथा साइवर सुरक्षा को व्यवस्था मिलाइ कुनैपनी किसिमको साइवर हमला हुनबाट बचाइनेछ । आफ्नै माइक्रो लेभल डाटा सेन्टरको व्यवस्थापनका साथै गभर्मेन्ट क्लाउड बाट सबै ICT सिस्टमहरु संचालन गरिनेछन् ।

**न्यायिक निरुपण तथा मेलमिलाप**

१. न्यायिक समिति मार्फत संविधानले दिएको क्षेत्रधिकार भित्र रहि न्यायिक मेलमिलाप र निरुपण गरिनेछ। मेलमिलाप कर्ताको छनोट र तिनिहरुको क्षमता विकास गरि समुदायस्तरमा मेलमिलाप तथा विवाद रहित समाज निर्माण गर्ने नीति लिईनेछ ।न्ययिक समितिलाई तालिम तथा मेलमिलाप कर्ताकोलागि मेलमिलाप र न्यायिक निरुपण सम्बन्धि तालिम तथा क्षमता विकासको व्यवस्था मिलाईने छ।

**धन्यवाद । जय विरुवा गाउँपालिका ।**

<u>प्रस्तुतकर्ताः</u>
सूर्य बहादुर कुवँर
अध्यक्ष
विरुवा गाउँपालिका स्याङ्जा ।
मितिः २०७९/०३/१०